सीपमूलक तालिम पाठ्यक्रम

मोवाइल मर्मत सहायक प्राविधिक

(Mobile Repair Assistant Technician)

(दक्षतामा आधारित पाठ्यक्रम)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

भैंसेपाटी, ललितपुर

फोन नः ०१ ५५९०२५४, ५५९०८००

फ्याक्स नः ०१ ५५९०८९४

ईमेलः info@vsdta.gov.np

आ. ब. २०८१।०८२

कृतज्ञता

मोवाइल मर्मत सम्बन्धी **मोवाइल मर्मत सहायक प्राविधिक** पेशाको पाठ्यक्रम निर्माण तथा परिमार्जन कार्य कम्प्युटर एसोशियसन नेपाल महासंघ (क्यान महासंघ)को नेतृत्वमा, रोजगारदाताको विषयगत महासंघको प्रतिनिधित्व सहित, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिको मिति २०८१।०९।१५ को निर्णय, कम्प्युटर एसोशियसन नेपाल महासंघ (क्यान महासंघ)को मिति २०८१।११।०९ को सिफारिस पत्र तथा प्रतिष्ठानको मिति २०८१।११।१५ को निर्णयबाट गठन गरिएको पाँच सदस्यीय पाठ्यक्रम मस्यौदा उपसमितिमार्फत सम्पन्न गरिएको हो। उपसमितिमा श्री चन्द्र विलास भुर्तेल (संयोजक), श्री महेन्द्र किवांछे (विज्ञ सदस्य) र श्री दिपेन्द्र शर्मा (विज्ञ सदस्य), श्री नारायण प्रसाद निरौला (सदस्य), र श्री युवराज आचार्य (सदस्यसचिव) को सक्रिय भूमिका रहेको थियो।

पाठ्यक्रम विकास प्रक्रिया अन्तर्गत DACUM गोष्ठी सञ्चालन, कार्य विश्लेषण, प्रारम्भिक मस्यौदा निर्माण, विषय विज्ञद्वारा मूल्यांकन, वैधता परीक्षण तथा सुझावको समावेशसहित अन्तिम मस्यौदा तयार पारिएको हो। पाठ्यक्रम विकासका सम्पूर्ण प्रक्रियामा सहजीकरण गर्ने पाठ्यक्रम विकास विज्ञ श्री दिपक प्रसाद पौडेल, DACUM कार्यशालामा सहजिकरण गर्ने श्री सुरेश भैल तथा प्रतिष्ठानका पाठ्यक्रम मापदण्ड निर्धारण शाखाका शाखा अधिकृत श्री नारायण प्रसाद निरौलाको योगदान उल्लेखनीय रह्यो। DACUM कार्यशालामा सहभागी व्यवसायीहरू श्री सुदिप घिमिरे, श्री महेन्द्र किवाछे, श्री आकाश गिरी, श्री प्रयास श्रेष्ठ, श्री विकेश श्रेष्ठ, श्री रूपक मानन्धर, श्री उदिप बराल, श्री चन्द्र भुर्तेल र श्री दिपक शर्माले प्रदान गर्नुभएको जानकारी र अनुभव अत्यन्त महत्वपूर्ण रह्यो।
यसैगरी, मिति २०८२।०३।१८ गते आयोजित पाठ्यक्रम वैधता परीक्षण कार्यक्रममा श्री श्रद्धा अवाले, श्री राहुल साह र श्री श्रीकृष्ण प्रजापतिले मूल्यांकनकर्ताको रूपमा पुऱ्याउनुभएको योगदान सराहनीय छ। अन्तिम मस्यौदा समितिमा प्रस्तुत गर्दा अमूल्य सुझाव र सल्लाह प्रदान गर्नु भएका माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरदसिंह भण्डारी, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, प्रतिष्ठानका अध्यक्ष तथा सचिव डा. कृष्णहरि पुष्कर तथा प्रतिष्ठान विकास समितिका सदस्यहरूको सहयोग प्रति प्रतिष्ठान आभारी छ।

उपरोक्त सम्पूर्ण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु भएका सबै महानुभाव र संस्थाहरू प्रति प्रतिष्ठान हार्दिक कृतज्ञता प्रकट गर्दछ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान,
भैंसेपाटी, ललितपुर ।

पाठ्यक्रम स्वीकृति मितिः २०८२।०३।२९

पाठ्यक्रम स्वीकृति गर्ने समिति

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र कम्प्युटर एसोशियसन नेपाल महासंघ (क्यान महासंघ)को सहकार्यमा निर्माण भएको **मोवाइल मर्मत सहायक प्राविधिक** पेशाको ३९० घण्टाको दक्षतामा आधारित पाठ्यक्रम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश २०८० को दफा ३ बमोजिम गठन भएको समितिले सोही आदेशको दफा ४(ङ) बमोजिम यहि २०८२ साल असार २९ गते स्वीकृत गरी लागु गरेकोछ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिमा रहनु भएका पदाधिकारीहरु

क्र सं	पद	नाम	मन्त्रालय वा संस्थाको नाम	समितिमा पदाधिकार
१	सचिव	श्री डा.कृष्णहरि पुष्कर	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	अध्यक्ष
२	सहसचिव	श्री	अर्थ मन्त्रालय	सदस्य
३	सहसचिव	श्री बैकुण्ठ अर्याल	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	सदस्य
४	सहसचिव	श्री जितेन्द्र बस्नेत	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	सदस्य
५	सहसचिव	श्री कृष्णप्रसाद सापकोटा	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	सदस्य
६	महानिर्देशक	श्री चक्रपाणी पाण्डे	श्रम, तथा व्यवसायजन्य सुरक्षा विभाग	सदस्य
७	कार्यकारी निर्देशक	श्री डा. द्धारिका उप्रेती	वैदेशिक रोजगार बोर्ड	सदस्य
८	विज्ञ	श्री ईन्दिरा शर्मा	श्रम रोजगार तथा तालिम सम्बन्धी विज्ञ	सदस्य
९	विज्ञ	श्री विष्णु गोपाल गड्तौला	श्रम रोजगार तथा तालिम सम्बन्धी विज्ञ	सदस्य
१०	प्रतिनिधि	श्री उपेन्द्र शर्मा घिमिरे	नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य
११	प्रतिनिधि	श्री बिरेन्द्रराज पाण्डे	नेपाल उद्योग परिसंघ	सदस्य
१२	प्रतिनिधि	श्री बेलीमैया घले	संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC)	सदस्य
१३	कार्यकारी निर्देशक	श्री रमेशकुमार बखती	राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान,भैसेपाटी ललितपुर	सदस्य सचिव

बिषय सूची

१. पाठ्यक्रम निर्माण प्रकृया १
२. पाठ्यक्रम परिचय १
३. लक्ष्यः १
४. उद्देश्यः २
५. सिकाइ उपलब्धी २
६. प्रशिक्षार्थीको न्यूनतम योग्यता ३
७. तालिम अवधिः ३
८. पाठ्य संरचना ३
९. प्रशिक्षकको योग्यता ४
१०. प्रशिक्षक प्रशिक्षार्थी अनुपात ४
११. प्रशिक्षण विधिः ५
१२. प्रशिक्षणको भाषा ५
१३. प्रशिक्षार्थी उपस्थिति ५
१४. प्रशिक्षार्थी मूल्याङ्कन ५
१५. प्रमाण-पत्र प्रदानः ६
१६. पाठ्यक्रम कार्यान्वयनको लागि सुझाब ६
१७. आवश्यक भौतिक पूर्वाधार ७
१८. मेसिन, औजार, उपकरणको विवरण ८
१९. तालिमका समयमा प्रयोग भई पुनःप्रयोग नहुने सामानहरूको विवरण ९
मोड्युल (MODULE) १ः पेशागत परिचय १०
मोड्युल (MODULE) २ः पेशागत स्वास्थ्य र सुरक्षा ११
मोड्युल (MODULE) ३ः औजार उपकरणको पहिचान तथा प्रयोग २२
मोड्युल (MODULE) ४: मोबाइलका पार्ट्सहरूको पहिचान,मर्मत र सफाइ २७
डिस्प्लेको कनेक्टर पनि मल्टिमिटर द्धारा चेक जाँच गर्ने । ३०
मोड्युल (MODULE) ५: विद्युतीय सप्लाई बारे जानकारी तथा मर्मत ४४
मोड्युल (MODULE) ६: आधारभूत इलेक्ट्रोनिक्स कम्पोनेन्ट मर्मत ४७
मोड्युल (MODULE) ७ः आइसी (IC) सम्बन्धी जानकारी ५२
मोड्युल (MODULE) ८: ह्याङ्ग हुने समस्या पहिचान तथा मर्मत ५६
मोड्युल (MODULE) ९ : मोवाइल ताप्ने समस्या पहिचान तथा मर्मत ५९
मोड्युल (MODULE) १० : AUTO RESTART को समस्या पहिचान तथा मर्मत ६२
मोड्युल (MODULE) ११ : SET DEAD/POWER ON FAILED को समस्या समाधान ६५
मोड्युल (MODULE) १२ : NETWORK/INTERNET सम्बन्धी समस्या समाधान ६८
मोड्युल (MODULE) १३ : SOFTWARE UPDATE को समस्या समाधान ७०
मोड्युल (MODULE) १४ : BATTERY CHARGING को समस्या समाधान ७३
मोड्युल (MODULE): १५ AUTO-SHUT DOWN को समस्या समाधान ७६
मोड्युल (MODULE) १६ : BOOTABLE/BOOTING समस्या समाधान ७९
मोड्युल (MODULE) १७: संचार सीप ८२
मोड्युल (MODULE)१८: व्यावसायिकता बिकास ८५
ल्याव तथा अन्य आवश्यक सामग्रीहरूको लेआउट वा नमुना फोटो वा स्केच वा चित्रहरु ८८
डेकम कार्यशालामा संलग्न विज्ञहरू ९१
मोवाइल मर्मत सहायक प्राविधिकको पेशागत विश्लेषण चार्ट (DACUM CHART) ९२

१. पाठ्यक्रम निर्माण प्रकृया

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र कम्प्युटर एसोशियसन नेपाल महासंघ (क्यान महासंघ)को सहकार्य तथा महासंघको नेतृत्वमा महासंघको तर्फबाट संयोजक सहित ३ जना र प्रतिष्ठानको तर्फबाट सदस्य सचिव सहित २ जना रहने गरी ५ सदस्यीय पाठ्यक्रम निर्माण उपसमिति गठन गरी **मोवाइल मर्मत सहायक प्राविधिक** पेशाको पाठ्यक्रम निर्माण प्रकृया सुरु गरिएको हो। यो पाठ्यक्रम निर्माणको थालनी संघको तर्फबाट छनोट तथा सिफारिस भएका ९ जना सोही पेशाका दक्ष कामदारहरुको उपस्थितिमा डेकम (DACUM) कार्यशाला संचालन गरी पेशामा गर्नुपर्ने मुख्य काम (Duties) र सहायक काम (Task) पहिचान गरी गरिएको थियो। यसरी पहिचान गरिएका सहायक कामहरुको कार्य विश्लेषण गरी मस्यौदा पाठ्यक्रम तयार गरियो। तयारी मस्यौदा पाठ्यक्रमलाई विज्ञहरु सम्मिलित कार्यशालाको आयोजना गरी प्रमाणिकरण (Validation) गरी अन्तिम रुप दिइएको हो। यो पाठ्यक्रम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिबाट स्वीकृत भए पछि लागु हुनेछ।

२. पाठ्यक्रम परिचय

यो पाठ्यक्रम **कम्प्युटर एसोशियसन नेपाल महासंघ (क्यान महासंघ)**को माग अनुसार महासंघकै नेतृत्वमा तयार पारिएको दक्षतामा आधारित पाठ्यक्रम (Competency-based Curriculum) हो। यो पाठ्यक्रम **मोवाइल मर्मत सहायक प्राविधिक**ले सम्पादन गर्ने कार्यमा आधारित छ। यो पाठ्यक्रमले प्रशिक्षकहरूलाई सम्वन्धित पेशाको लागि आवश्यक पर्ने आधारभूत ज्ञान तथा सीपहरू प्रदर्शन तथा प्रशिक्षण गर्न र प्रशिक्षार्थीहरूलाई प्रयोगात्मक अभ्यास मार्फत सीप प्राप्त गर्न र दक्ष हुन मार्ग निर्देशन प्रदान गर्दछ। यो पाठ्यक्रम दक्षतामा आधारित पाठ्यक्रम भएकोले ८० प्रतिशत समय सीप सिकाइमा र २० प्रतिशत समय सैद्धान्तिक ज्ञानको लागि छुट्याइएको छ। यस पाठ्यक्रममा आधारित रहेर सञ्चालित तालीम कार्यक्रमबाट उत्पादित जनशक्ति सम्बन्धित पेशाको लागि आवश्यक पर्ने सीपहरूमा दक्ष भई रोजगारदाताको माग अनुसार दक्ष पेशाकर्मीको रुपमा स्वरोजगार हुन अथवा सम्बन्धित पेशामा रोजगारी प्राप्त गर्न सक्षम हुने विश्वास लिइएको छ। यो पाठयक्रम तालिम केन्द्रमा तथा कार्यस्थलमा संचालन गर्न सकिनेछ।

३. लक्ष्यः

यस पठ्यक्रमको लक्ष्य मोवाइल मर्मतको क्षेत्रमा आधारभूत तहका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी तथा स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने रहेको छ।

४. उद्देश्यः

यस पाठ्यक्रममा आधारित रहेर सञ्चालित तालिम कार्यक्रमको उद्देश्य निम्नानुसार रहेका छन्ः

- स्वदेश तथा विदेशमा अवस्थित मोवाइल मर्मतसम्बन्धी व्यवसायहरुलाई आवश्यक पर्ने मोवाइल मर्मत गर्ने आधारभूत तहका दक्ष प्राविधिक जनशक्ति तयार गर्ने।
- बजारमा उपलब्ध जनशक्ति र रोजगारदातालाई आवश्यक जनशक्तिको सीपको स्तरको बीचमा देखिएको बेमेल (Skills Mismatch) को अन्त्य गर्ने।
- आफूले प्रदान गरेको सेवाबाट सेवाग्राहीलाई अधिकतम सन्तुष्टि प्रदान गर्ने।
- दक्ष कामदारको माध्यमबाट व्यवसायको उत्पादकत्व र गुणस्तर अभिवृद्धि गर्ने।
- देशमा व्याप्त बेरोजगारी समस्यालाई आंशिक रुपमा समाधान गर्न सहयोग पुर्याउने।

५. सिकाइ उपलब्धी

यो पाठ्यक्रमको मुख्य केन्द्रविन्दु प्रयोगात्मक सीप हुनेछ। यो पाठ्यक्रममा आवश्यकता अनुसार प्रयोगात्मक सीपलाई सहयोगी हुने गरी सैद्धान्तिक ज्ञानहरु समेत समावेस गरिएको छ। यो पाठ्यक्रम अनुसार तालिम प्राप्त प्रशिक्षार्थीहरुले तालिमको अन्त्यमा निम्न सिकाइ उपलव्धी प्राप्त गर्न सक्षम हुनेछन्ः

- पेशागत स्वास्थ्य तथा सुरक्षा कायम गर्न।
- मोवाइल मर्मतमा प्रयोग हुने औजार उपकरण लगायतका सरसामानहरूको पहिचान र प्रयोग गर्न।
- मोबाइल मर्तत गर्नु अगाडि गर्नुपर्ने कार्य र मर्मत गरिसकेपछी गर्नुपर्ने कार्यको अभिलेख राख्ने तथा हस्तान्तरण गर्नु अगाडी प्रयोग हुने चरण, मेशिन औजार प्रयोग गर्नसक्ने सीप ।
- मोबाइल मर्मतका निर्देशित सीप ।
- चेक जाँच तथा गुणस्तर मापन सम्बन्धी निर्देशित सीप ।
- ग्राहकसँगको सञ्चार गर्ने सीप ।
- उद्यमशील बन्न आवश्यक पर्ने व्यवहारिक ज्ञान ।
- मोवाइलमा हुन सक्ने समस्याहरु जस्तैः ह्याङ्ग हुने समस्या, तातो हुने समस्या, ध्वनि उपकरणमा हुने समस्या, Auto to Restart को समस्या, Set Dead/Power on Failed को समस्या Network/Internet सम्बन्धी समस्या Driver missing को समस्या Battery Charging को समस्या Blue Screen of Death (BSOD) को समस्या Shut down को समस्या Bootable/Booting समस्या Data Backup सम्बन्धी समस्या आदि पहिचान गरी समाधान गर्न।
- ग्राहक वा प्रयोगकर्ताको व्यक्तिगत गोपनीयता सुरक्षित राख्न।
- आफूले प्रदान गरेको सेवाबाट ग्राहकलाई सन्तुष्टि प्रदान गर्न।
- सुपरभाइजर सहकर्मी तथा ग्राहकसँग सञ्चार गर्न।
- पेशागत क्षमता अभिवृद्धि गर्न।

६. प्रशिक्षार्थीको न्यूनतम योग्यता

यो पाठ्यक्रम अनुसार तालिम लिन चाहने प्रशिक्षार्थीहरुको न्यूनतम योग्यता यस प्रकार रहेको छः

- न्यूनतम विद्यालय शिक्षाको आधारभूत तह (८ कक्षा)उतिर्ण भएको। साधारणतया नेपाली र अंग्रेजी लेखपढ गर्न सक्ने।
- उमेर १८ बर्ष पुरा भएको।
- नेपाली नागरिक।

नोटः विशिष्ट परिवेशमा सहभागीहरूको योग्यता संस्थाको नियमानुसार हुन सक्ने तर प्रतिष्ठानको पूर्वस्वीकृति अनिवार्य हुने ।

७. तालिम अवधिः

यो पाठ्यक्रमको जम्मा तालिम अवधि ३९० घण्टा अर्थात दैनिक ६ घण्टाको दरले ६५ कार्य दिन (३ महिना) को हुनेछ। जसमध्ये ७८ घण्टा (२० प्रतिशत) समय सैद्धान्तिक ज्ञानको लागि र ३१२ घण्टा (८० प्रतिशत) समय प्रयोगात्मक सीपको लागि छुट्टयाइएको छ।

८. पाठ्य संरचना

क्र सं	मोड्युल	सैद्धान्तिक घण्टा	प्रयोगात्मक घण्टा	जम्मा समय घण्टा
१.	पेशागत परिचय	१०		१०
२.	पेशागत स्वास्थ्य र सुरक्षा	८	२४	३२
३.	औजार उपकरणको पहिचान तथा प्रयोग	४	१६	२०
४.	मोबाइलका पार्ट्सहरूको पहिचान, मर्मत र सफाइ	१६	९०	१०६
५.	विद्युतीय सप्लाई बारे जानकारी तथा मर्मत	४	१६	२०
६.	आधारभूत इलेक्ट्रोनिक्स कम्पोनेन्ट मर्मत	४	२६	३०
७.	आइसी (IC) सम्बन्धी जानकारी	४	१६	२०
८.	ह्याङ्ग हुने समस्या पहिचान तथा मर्मत	२	१०	१२
९.	मोवाइल ताप्ने समस्या पहिचान तथा मर्मत	२	१०	१२
१०.	Auto to Restart को समस्या पहिचान तथा मर्मत	२	१०	१२
११.	Set Dead/Power on Failed को समस्या समाधान	२	१०	१२
१२.	Network/Internet सम्बन्धी समस्या समाधान	२	१४	१६

१३.	Software Update को समस्या समाधान	४	२०	२४
१४.	Battery Charging को समस्या समाधान	२	१०	१२
१५.	Auto-Shut down को समस्या समाधान	२	१०	१२
१६.	Bootable/Booting समस्या समाधान	२	१०	१२
१७.	सञ्चार सीप	४	१०	१४
१८.	व्यावसायिकता विकास	४	१०	१४
कूल जम्मा		७८	३१२	३९०

९. प्रशिक्षकको योग्यता

- **मुख्य प्रशिक्षकः**
  - सम्बन्धित विषयमा उच्च शिक्षा हाँसिल गरी सम्बन्धित काममा १ वर्षको कार्य अनुभव हाँसिल गरेको र कम्तिमा १ हप्ताको प्रशिक्षक प्रशिक्षण (Training of Trainers) तालिम प्राप्त;
  - विद्यालय तह उतिर्ण गरी सम्बन्धित पेशामा न्यूनतम सीप तह २ उतिर्ण गरी ५ वर्षको कार्य अनुभव हासिल गरेको र कम्तिमा १ हप्ताको प्रशिक्षक प्रशिक्षण (Training of Trainers) तालिम प्राप्त;
  - अथवा सम्बन्धित पेशामा कम्तिमा १० वर्षको कार्य अनुभव हासिल गरेको र कम्तिमा १ हप्ताको प्रशिक्षक प्रशिक्षण (Training of Trainers) तालिम प्राप्त; (कार्य अनुभव संस्थागत दर्ता भएका रोजगारदाताहरूबाट प्रमाणित गरेको हुनु पर्नेछ)
- **सहायक प्रशिक्षकः**
  - कक्षा १० उतिर्ण गरी सम्बन्धित पेशामा न्यूनतम सीप तह १ उतिर्ण गरी ३ वर्षको कार्य अनुभव हासिल गरेको र कम्तिमा १ हप्ताको प्रशिक्षक प्रशिक्षण (Training of Trainers) तालिम प्राप्त;
  - अथवा सम्बन्धित पेशामा कम्तिमा ५ वर्षको कार्य अनुभव हासिल गरेको र कम्तिमा १ हप्ताको प्रशिक्षक प्रशिक्षण (Training of Trainers) तालिम प्राप्त; (कार्य अनुभव संस्थागत दर्ता भएका रोजगारदाताहरूबाट प्रमाणित गरेको हुनु पर्नेछ)

१०. प्रशिक्षक प्रशिक्षार्थी अनुपात

- प्रयोगात्मक कक्षाको लागि प्रशिक्षक र प्रशिक्षार्थीको अनुपात १:१० हुनेछ।
- सैद्धान्तिक कक्षाको लागि प्रशिक्षक र प्रशिक्षार्थीको अनुपात १:२० हुनेछ।

११. प्रशिक्षण विधिः

यस पाठ्यक्रम अनुसार सैद्दान्तिक प्रशिक्षणको लागि व्याख्यान विधि, प्रोजेक्टर मार्फत प्रस्तुति, भिडियो, र अडियो मार्फत प्रशिक्षण गर्ने आदि विधि प्रयोग गरिनेछ भने प्रयोगात्मक प्रशिक्षणको लागि प्रशिक्षकद्वारा कार्य प्रदर्शन गर्ने, प्रशिक्षकको निर्देशन सँगैसँगै अभ्यास गरेर सिक्ने र प्रशिक्षकको अवलोकनमा एकल प्रयोगात्मक अभ्यासबाट सिक्ने विधिहरू प्रयोग गरिने छ। यसका अलावा प्रशिक्षकले प्रशिक्षार्थीहरुलाई समूहमा विभाजन गरी पेशासंग सम्बन्धित विभिन्न भूमिका निर्वाह गर्न लगाउने वा समूह कार्य गर्न लगाउने जस्ता विधि पनि प्रयोग गर्न सकिन्छ।

१२. प्रशिक्षणको भाषा

प्रशिक्षणको भाषा नेपाली हुनेछ तर प्रशिक्षार्थीहरुलाई ध्यानमा राखेर स्थानीय भाषाको प्रयोग गर्न सकिनेछ। प्राविधिक शब्दावलीहरू (Technical Terminologies) भने अंग्रेजीमा उल्लेख हुन सक्नेछन्।

१३. प्रशिक्षार्थी उपस्थिति

यसमा प्रशिक्षार्थीहरूले तालिम सञ्चालन भएको जम्मा दिनको न्यूनतम् ९० प्रतिशत दिन उपस्थिति भै तोकिएका सक्षमताहरू सिकेको प्रशिक्षकले सुनिश्चत गर्नु पर्नेछ। सो नभएमा तालिम पुरा गरेको मानिने छैन र अन्तिम मूल्यांकनमा सहभागी गराइने छैन साथै तालिम सम्पन्न गरी दक्षता हाँसिल गरेको प्रमाणपत्र उपलब्ध गराइने छैन।

१४. प्रशिक्षार्थी मूल्याङ्कन

- प्रशिक्षार्थीहरूले सिकेको सम्बन्धित प्राविधिक ज्ञानको (सैद्धान्तिक) मूल्याङ्कन सम्बन्धित प्रशिक्षकले मौखिक वा लिखित परीक्षाद्वारा गर्नुपर्नेछ।
- प्रशिक्षार्थीहरूले प्राप्त गरेको सीपको मूल्याङ्कन सम्बन्धित प्रशिक्षक वा उद्योगको सुपरभाइजरले नियमित रुपमा गर्नुपर्नेछ भने तालिमको अन्त्यमा एक पटक प्रयोगात्मक मूल्याङ्कन गरी सो को अभिलेख राख्नु पर्नेछ।
- प्रशिक्षार्थीहरूले प्रत्येक दक्षता हाँसिल गरेको सुनिश्चितताको लागि आवश्यकता अनुसार सुधारात्मक र अन्त्यमा एक पटक निर्णायात्मक मूल्यांकन गर्ने व्यवस्था रहेको छ । मूल्यांकनको किसिममा परीक्षा लिखित, मौखिक वा परियोजना कार्य समेत उल्लेख गरी अंक निर्धारण गरिने छ । यसको अभिलेख र योजना मुख्य र सहायक प्रशिक्षकको हुने छ ।

- प्रशिक्षार्थी सफल हुन प्रत्येक मोड्युलको सैद्धान्तिक र प्रयोगात्मक दुबै मूल्यांकनमा क्रमशः कम्तीमा ५० र ६० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ।
- प्रशिक्षकले मार्कलेजरमा प्रशिक्षार्थीहरुको अभिलेखन गरी प्रमाणित गरेको आधारमा मात्र तालिम सम्पन्नको प्रमाण पत्र प्रदान गर्नु पर्नेछ। सोही प्रमाण पत्रका आधारमा सीप तह निर्धारण परीक्षामा सहभागी हुन सक्नेछन् ।
- प्रशिक्षार्थी छनोटको लागि प्रतिष्ठानको नियमावली वा तोकेको अवस्था बाहेकमा आवश्यक प्रवेश परीक्षाको सञ्चालन रोजगारदातासंगको सहकार्यमा सम्बन्धित संस्थाले नै गर्नुपर्नेछ।

१५. प्रमाण-पत्र प्रदानः

यो पाठ्यक्रमले अपेक्षा गरेको सक्षमता हाँसिल गरेको भनी प्रशिक्षकहरूले प्रमाणित गरेपछि सम्बन्धित संस्थाले **मोवाइल मर्मत सहायक प्राविधिक**को तालिम सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने छ । सीप प्रमाणिकरण गर्ने कार्यका लागि यो प्रमाणपत्रलाई आधार मानेर अधिकार प्राप्त संस्थाले सीप परीक्षण गरी सीप तह उल्लेख गरी प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

१६. पाठ्यक्रम कार्यान्वयनको लागि सुझाब

१ यो पाठ्यक्रम सक्षमतामा आधारित दक्षता हाँसिल गर्ने गरी तयार पारिएको छ ।

२ प्रशिक्षार्थी छनोटको लागि प्रवेश परीक्षाको सञ्चालन रोजगारदातासंगको सहकार्यमा सम्बन्धित संस्थाले नै गर्न सकिनेछ भने यसले राखेको न्यूनतम् शैक्षिक योग्यता हाँसिल गरेको हुनु पर्नेछ ।

३ प्रशासनिक प्रयोजनको लागि यो पाठ्यक्रमको लागू गर्ने सामान्य अवस्थामा न्यूनतम् अवधि ३ (तीन महिना) महिना हुनेछ । त्यो अवधिभर प्रशिक्षकहरूलाई पूर्व तयारी, वास्तविक कार्यस्थलको अनुभव दिलाउन समन्वय गर्न, परीक्षा तथा मूल्यांकन र प्रशिक्षार्थीहरूको सीप सिकाइको अभिलेख लेखाकंन जस्ता कार्यमा खटाएर पाठ्यक्रम कार्यान्वयनमा पूर्णता प्राप्त गर्नु पर्नेछ।

४ प्रशिक्षार्थीहरूलाई सरलबाट जटिल तर्फ हुने गरि सिकाउनु पर्नेछ।

५ यो पाठ्यक्रममा प्रशिक्षकले पहिला देखाएर त्यसपछि संगै गरेर र अन्तिममा स्वतन्त्र गर्न दिएर सिकाउने विधिलाई अवलम्वन गर्नु पर्नेछ भने प्रशिक्षार्थीहरूको क्षमता अनुसार दोहोर्याएर गर्नुपर्ने भए त्यो पनि गरेर सम्बन्धित सक्षमता हाँसिल भएको सुनिश्चितता गर्नु पर्नेछ।

६ प्रशिक्षकले प्रत्येक प्रशिक्षार्थीहरूले गरेको नमूना कार्यको अभिलेखन गरी अभिलेख राख्नु पर्नेछ। पाठ्यक्रम परिमार्जन गर्न नसकिएको अवस्थामा प्रशिक्षकले नयाँ प्रविधि ज्ञान र सीप दिनुपर्ने अवस्था रहेमा पाठ्यक्रमलाई आधार मानी थप २० प्रतिशत नविन कार्य उपकार्यहरूहरू सिकाउन सकिनेछ।

७ यो पाठ्यक्रममा सामान्य अवस्थामा सैद्धान्तिक कक्षामा २० जना र प्रयोगात्मक कक्षामा १० जना मात्र हुने व्यवस्था गरिएको छ । प्रशिक्षक प्रशिक्षार्थी अनुपात सैद्धान्तिकः १:२० र प्रयोगात्मक १:१० हुनुपर्नेछ ।

८ यो पाठ्यक्रम कार्यान्वयनमा ल्याउन तोकिएको योग्यता पुगेको मुख्य प्रशिक्षक र सहायक प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ।

९ वास्तविक कार्यस्थल (On the Job Training-OJT) को अनुभव दिलाउन प्रशिक्षक, तालिम प्रदायक, सम्बन्धित संघ, प्रतिष्ठानको सहजीकरणमा पाठ्यक्रमले तोकेको कार्यघण्टाको ५ देखि १० प्रतिशत कार्यघण्टाको अनुभव हाँसिल गराउन पनि सकिनेछ ।

१०यस पाठ्यक्रममा उद्यमशीलताको सामान्य जानकारी मात्र उपलब्ध गराई स्वरोजगारमा संलग्न हुन प्रोत्साहन गरिने छ ।

११सम्बन्धित तालिम प्रदायक सस्था वा रोजगारदाताहरूको छाता संगठनले रोजगारदाता तथा अन्य सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरी प्रशिक्षार्थीहरूको रोजगार तथा स्वरोजगारको लागि सहजिकरण गर्नु पर्नेछ।

१२प्रशिक्षार्थीहरूलाई रोजगार तथा स्व-रोजगार सम्बन्धी परामर्श प्रदान गर्ने, गराउने कार्य गर्नु पर्नेछ।

१३प्रशिक्षार्थीहरूको आवश्यक व्यक्तिगत विवरण, रोजगार/स्वरोजगारको अवस्था आदिको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने कार्य गर्नु पर्नेछ। ।

१४सरोकारवालाहरूले पाठ्यक्रम सुधारको लागि प्रतिष्ठानमा औपचारीक रुपमा पृष्ठपोषण प्रदान गर्नु पर्नेछ।

१५यो पाठ्यक्रम कुनैपनि संगठित संस्था वा सरकारी कार्यालयहरूले आफ्नै आर्थिक स्रोत परिचालन गरेर सञ्चालन गर्न सकिनेछ भने पाठ्यक्रम बमोजिम तालिम लिएका व्यक्तिहरूको पूर्व जानकारी प्रतिष्ठानमा दिई अनुमति लिएमा प्रतिष्ठानको तथ्यांक प्रणाली (Data Entry System)मा प्रविष्टी गर्न सकिने छ ।

१७. आवश्यक भौतिक पूर्वाधार

यो पाठ्यक्रम अनुसार तालिम सञ्चालन गर्न देहायका भौतिक पूर्वाधार भएको सुनिश्चत गरिनु पर्नेछः

क्र सं	विवरण	संख्या	कैफियत
१.	अफिस कोठा (आगन्तुक बस्न मिल्ने सोफाहरू भएको)	१	न्यूनतम्
२.	सैद्धान्तिक तालिम संचालन गर्नका लागि न्यूनतम बीस जना प्रशिक्षार्थीलाई प्रशिक्षण दिन सक्ने गरी कुर्सी, टेवल, स्मार्टबोर्ड, ह्वाइटबोर्ड सहितको कक्षा कोठा	१	

३.	एक पटकमा १० जनालाई प्रयोगात्मक अभ्यास गराउनको लागि आवश्यक कार्यशाला (संचालनमा रहेको कलकारखानामा प्रयोगात्मक अभ्यास गराउन सकिनेछ)	२	न्यूनतम्
४.	प्रशिक्षण तयारी कोठा	१	
५.	स्टोर कोठा	१	
६.	उपयुक्त शौचालय (महिला, पुरूष तथा अपाङ्ग मैत्री)	२	न्यूनतम
७.	पर्याप्त शुद्ध पिउनेपानी तथा सरसफाइयुक्त खाजा खाने स्थान छुट्याइएको	१	

१८. मेसिन, औजार, उपकरणको विवरण

(२० जनाको लागि दुई समूहमा एकैपटक अभ्यास गर्न पुग्ने गरी)

क्र सं	विवरण	साइज		परिमाण	इकाई	कैफियत
१	Precision Screwdriver Set (Phillips, Flathead, Torx, etc.)	PH000, PH00, PH0 ,T2, T3/T4, T5, T6, T8, Flathead (slotted 1.5mm – 2.0mm), Hex (allen 1.5mm – 2.5mm), Pentalobe (for Apple P5 '1.2mm', P6)		१०	सेट	
२	Tweezers (anti-static)	ESD-10, ESD-11, ESD-12, ESD-13, ESD-14, ESD-15, ESD-17, ESD-34A/34SA		१०	सेट	
३	Plastic Pry Tools / Spudger	Flat, Pointed, Pick Style, Wedge or Triangle		१०	सेट	
४	Nylon/Metal Spudger	Standard & Angled, Ultra-thin Separator		१०	सेट	
५	Magnetizer/Demagnetizer	Standard Block, Compact Mini, Ring type, Built-in Screwdriver Handle Type		१०	सेट	
६	SIM/Memory Card Tray Ejector Pins	Standard Type		१०	थान	
७	Multimeter (Digital/Analog) – for voltage/current/resistance testing	Standard Type		१०	थान	
८	Battery Tester	Standard Type		१०	थान	
९	Thermal Camera or Temperature Gun (optional)	Standard Type		१०	थान	
१०	Air Blower / Compressed Air Can	Standard Type		१०	थान	
११	Isopropyl Alcohol (99%) – for cleaning PCB	Standard Type		१०	थान	

१२	Microfiber Cloth / Lint-free Cloth	Standard Type		१०	थान	
१३	Brush (anti-static)	Standard Type		१०	थान	
१४	Vacuum Cleaner (mini) for electronics	Standard Type		१०	थान	
१५	Anti-Static Wrist Strap (ESD Band)	Standard Type		१०	थान	
१६	Anti-Static Mat / Workstation	Standard Type		१०	थान	
१७	Suction Cup – for removing screens	Standard Type		१०		
१८	LCD Opening Pliers	Standard Type		१०	थान	
१९	Screw Holder / Magnetic Mat – for organizing screws	Standard Type		१०	थान	
२०	Soldering Iron / Station	Standard Type		१०	थान	
२१	Desoldering Pump / Solder Wick	Standard Type		१०	थान	
२२	Hot Air Rework Station	Standard Type		१०	थान	
२३	BGA Rework Station – for chip-level repair (advanced)	Standard Type		१०	थान	
२४	Heat Gun	Standard Type		१०	थान	
२५	Ultrasonic Cleaner – for deep cleaning of logic boards (optional)	Standard Type		१०	थान	
२७	Thermal Paste / Thermal Pads	Standard Type		१०	थान	
२८	T700 EPOXY GEL	Standard Type		१०	थान	
२९	Touchpad Tester	Standard Type		१०	थान	
३०	Non-Dust Eraser	Ordinary		१०	थान	

१९. तालिमका समयमा प्रयोग भई पुनःप्रयोग नहुने सामानहरूको विवरण

(२० जनाको लागि दुई समूहमा एकैपटक अभ्यास गर्न पुग्ने गरी)

क्र.सं	विवरण	परिमाण	इकाई	कैफियत
१	Compressed Air Can	५	थान	
२	Isopropyl Alcohol (99%) – for cleaning PCB	१०	लिटर	
३	Thermal Paste / Thermal Pads	२	बट्टा	
४	Suction Cup – for removing screens	५	थान	
५	Non-Dust Eraser	२०	थान	
६	**T700** EPOXY GEL	५	थान	

मोड्युल (Module) १: पेशागत परिचय

जम्मा समयः १० घण्टा

सैद्धान्तिकः १० घण्टा

मोड्युलगत विवरण (Module Description): यसमा मोबाइलको परिचय, मोबाइलसंग सम्बधित हार्डवेयर, सफ्टवेयर तथा मोबाइल मर्मतको पेशागत परिचय सम्बन्धी बिषयबस्तुहरु समावेश गरिएका छन् ।

मोड्युलको सिकाई उपलब्धी (Module Outcome): यस मोड्युलको अन्तमा सहभागीहरु निम्न ज्ञान हासिल गर्न सक्षम हुनेछन् ।

- मोवाइलको परिचय, महत्व तथा उपयोगिता
  - मोवाइलका भागहरू, प्रकार, कार्यप्रणाली र यसको आवश्यकता
  - मोबाइलसंग सम्बधित हार्डवेयर
  - मोबाइलसंग सम्बधित सफ्टवेयर
- मोवाइल मर्मत पेशाको परिचय
  - मोवाइल मर्मत पेशाको परिचय, जिम्मेवारी र कार्य क्षेत्र
- मोवाइल मर्मत पेशाको माग
  - सूचना प्रविधि बजारको अवस्था, सेवा आवश्यकताको तथ्यांक
- सम्भावित पेशागत कार्यस्थल तथा स्वरोजगारको सम्भावना, लागत तथा व्यावसायिक सम्भावना
  - स्वरोजगारको ढाँचा, प्रारम्भिक लागत, सेवा मूल्य र सम्भावित आम्दानी
- वैदेशिक रोजगारीका सम्भावना
  - प्रवासी रोजगार नीति, प्रविधिमूलक रोजगारीका क्षेत्र
- दक्षताको सामाजिक मुल्य तथा मान्यता
  - दक्षता विकासको सामाजिक प्रभाव, आत्मनिर्भरता र प्रतिष्ठा
- व्यावसायिक नैतिकता
- पेशागत आचारसंहिता, सेवा नैतिकता, कानुनी र सामाजिक जिम्मेवारी

मोड्युल (Module) २: पेशागत स्वास्थ्य र सुरक्षा

जम्मा समय: ३२ घण्टा
सैद्धान्तिक: ८ घण्टा
व्यवहारिक: २४ घण्टा

मोड्युलगत विवरण (Module Description): मोबाइल मर्मतको पेशामा अपनाउनु पर्ने पेशागत स्वास्थ्य र सुरक्षासँग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।
मोड्युलको सिकाई उपलब्धी (Module Outcome): यस मेड्युलको अन्तमा सहभागीहरु निम्न ज्ञान र सीप हासिल गर्न सक्षम हुनेछन् । • व्यक्तिगत तथा कार्यस्थलको सरसफाई गर्न • व्यक्तिगत, कार्यस्थल तथा उपकरणको सुरक्षा गर्न • प्राथमिक उपचार गर्न
कार्यहरु (Tasks): १ व्यक्तिगत सरसफाई गर्ने २ कार्यस्थलको सरसफाई गर्ने ३ व्यक्तिगत तथा उपकरणको सुरक्षा गर्ने ४ कार्यस्थलको सुरक्षा गर्ने ५ आगलागीबाट सुरक्षा गर्ने ६ प्राथमिक उपचार बाकस तयार गर्ने ७ प्राथमिक उपचार गर्ने ८ सम्भावित दुर्घटना न्यूनीकरण गर्ने ९ विद्युतिय फोहोर व्यवस्थापन गर्ने १०कार्यस्थलको फोहोर व्यवस्थापन गर्ने

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा**

जम्मा समयः ३ घण्टा

कार्य १: व्यक्तिगत सरसफाई गर्ने

सैद्धान्तिकः १ घण्टा

व्यावहारिकः २ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने २. साबुन पानीले हात सफा गर्ने ३. सफा लुगा लगाउने ४. नङ, कपाल काट्ने तथा मोजा जुत्ता आदि नगन्हाउने गरि सफा राख्ने ५. सामग्रीहरु सफा गरी यथास्थानमा राख्ने	• हेर्दा राम्रो सफा देखिएको ।	• व्यक्तिगत सरसफाईको आवश्यकता तथा महत्व • सरसफाइ गर्नको लागि आवश्यक सामग्रीहरु • व्यक्तिगत सरसफाई सम्बन्धी जानकारी दिने

आवश्यक औजार उपकरण (Required Tools/Equipment):

- रुमाल, साबुन, तथा अन्य सरसफाईका सर सामान

सुरक्षा सावधानी (Safety Precautions):

- सुरक्षा सावधानी अपनाउने ।

आवश्यक सामग्रीः

- साबुन, पानी इत्यादी

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा**

जम्मा समयः ४ घण्टा

कार्य २: कार्यस्थलको सरसफाई गर्ने

सैद्धान्तिकः १ घण्टा

व्यावहारिकः ३ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने २. कार्यस्थलमा काम सुरु गर्नुभन्दा पहिला सरसामान मिलाएर यथास्थानमा राख्ने । ३. काम गर्ने टेबल राम्रोसित टालो, Cleaner ले सफा गर्ने । ४. औजार र उपकरणहरु सफा गर्ने ५. बिजुली सामग्रीहरुलाई दुरुस्त राख्ने र सावधानी पूर्वक सरसफाई गर्ने । ६. काम सकिए पछि सफा गरेर निस्केको फोहोरलाई डष्टविन वा भाडोमा उठाएर राख्ने । ७. औजारहरुको काम सकेपछि सफा गर्ने । ७. औजार तथा सामग्रीहरुलाई यथास्थानमा राख्ने । ८. यो कार्य नियमित गर्नु पर्ने ।	• कार्यस्थला धुलो र फोहोर रहित भएको । • औजार उपकरणहरु सम्बन्धित स्थानमा राखेको]	• सरसफाईको महत्व • कार्यस्थलको सरसफाई गर्दा ध्यान दिनु पर्ने कुराहरु • कार्यस्थलको सरसफाइ गर्नको लागि आवश्यक सामग्रीहरु • सरसफाई सामग्रीहरुको प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरु ।

आवश्यक औजार/उपकरण (Required tools/equipment):

- ब्रस, पञ्जा, चश्मा, एप्रोन, डष्टविन, आदि ।

सुरक्षा सावधानी (Safety Precautions):

- व्यक्तिगत सुरक्षा सामग्री प्रयोग गर्ने ।
- विद्युतिय उपकरणको सरसफाई गर्दा करेन्ट लाग्न सक्ने हुनाले सावधानी अपनाउने ।

आवश्यक सामग्रीः

- साबुन, पानी, टालो, फिनेल, माक्स, Floor cleaning Liquid

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा** **जम्मा समयः ३ घण्टा**

कार्य ३: व्यक्तिगत तथा उपकरणको सुरक्षा गर्ने **सैद्धान्तिकः १ घण्टा**

व्यावहारिकः २ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने २. धुँवाबाट बच्नको लागि माक्स लगाउने । ३. विभिन्न रसायनहरुबाट बच्न र विद्युतिय उपकरणहरुको प्रयोग गर्दा रबरको पञ्जा प्रयोग गर्ने । ४. रसायन तथा धारिलो औजारबाट बच्न सेफ्टी बुटको प्रयोग गर्ने । ५. रसायनजन्य बस्तु शरीरमा लाग्नबाट बच्न एप्रोन वा सेफ्टी ज्याकेटको प्रयोग गर्ने । ६.विजुलीबाट चल्ने सामग्रीहरुको चेक जाँच गरी मात्र प्रयोग गर्ने ७. काम सकेपछि औजार, उपकरण र सामग्रीहरु सफा गर्ने । ८. औजार र उपकरणहरु निरिक्षण गरी सम्बन्धित स्थानमा राख्ने ।	• आवश्यकता अनुसार माक्स, पञ्जा, सेफ्टी सुज, सेफी ज्याकेट, एप्रोन, चश्माको प्रयोग गरिएको । • औजार उपकरणहरु उचित स्थानमा राखिएको ।	• व्यक्तिगत तथा उपकरणको सरक्षामा ध्यान दिनुपर्ने कुराहरु • व्यक्तिगत तथा उपकरणको सुरक्षा गर्नको लागि आवश्यक सामग्रीहरु • सुरक्षा सामग्रीको प्रयोग विधि ।

आवश्यक औजार उपकरण (Required tools/equipment):

- पञ्जा, सेफ्टी सुज, एप्रोन वा सेफ्टी ज्याकेट, चश्मा ।

सुरक्षा सावधानी (Safety Precautions):

- व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्ने ।
- रसायन तथा धारिलो औजारको प्रयोग गर्दा सावधानी अपनाउने ।
- औजार उपकरणको प्रयोग गरिसकेपछि उचित व्यवस्थापन गर्ने ।
- आगो निभाउने उपकरण तायरी अवस्थामा राख्ने ।

आवश्यक सामग्रीः

- माक्स, बिभिन्न किसिमका रसायन, Fire-Extinguisher इत्यादी

कार्य विश्लेषण

मोड्युल (Module) २: पेशागत स्वास्थ्य र सुरक्षा

कार्य ४: कार्यस्थलको सुरक्षा गर्ने

जम्मा समयः ३ घण्टा
सैद्धान्तिकः १ घण्टा
व्यावहारिकः २ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. उपकरण तथा औजारहरुको अभिलेख राख्ने । २. औजार सामग्री राख्ने तथा काम गर्ने दराज वा घर्रामा साँचो लगाउने । ३. अपरिचित तथा अनधिकृत व्यक्तिलाई कार्यस्थलमा अनधिकृत प्रवेशमा रोक लगाउने । ४. कार्यस्थलमा सिसिटिभीको प्रयोग गर्ने । ५. प्रवेशद्वार वा ढोकामा च्यानलगेटको प्रयोग गर्ने । ६. कार्यस्थलमा प्रवेश गर्दा वा निस्कदा फिंगर प्रिन्ट मेसिन वा हाजिरीमा जनाउने । ७. Metal Detector प्रयोग गरी शरिरको चेकजाँच गर्ने । ८. आवश्यक परेमा सेक्युरिटी गार्ड राख्ने ।	• सुरक्षाजन्य उपकरणहरुको प्रयोग भएको • उचित व्यवस्था गरी कार्यस्थलको सुरक्षा गरिएको ।	• कार्यस्थल सुरक्षाको महत्व • कार्यस्थलका सुरक्षामा ध्यान दिनुपर्ने कुराहरु • कार्यस्थलको सुरक्षा गर्नको लागि आवश्यक सामग्रीहरु

आवश्यक औजार उपकरण (Required tools/equipment):

- ताला, चावी, CCTV, Metal Detector, Finger Print Machine.

सुरक्षा सावधानी (Safety Precautions):

- सुरक्षाजन्य उपकरणहरुको प्रयोग गर्ने ।
- कार्यस्थलमा प्रवेश गर्ने तथा बाहिरिनेहरुको पहिचान र समय सहित अभिलेख गर्ने

आवश्यक सामग्रीः

- माक्स, पञ्जा, रजिष्टर, कलम

कार्य विश्लेषण

मोड्युल (Module) २: पेशागत स्वास्थ्य र सुरक्षा

कार्य ५: आगलागिबाट सुरक्षा गर्ने

जम्मा समयः ४ घण्टा
सैद्धान्तिकः १ घण्टा
व्यावहारिकः ३ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने २. Fire Extinguisher को प्रयोग र उचित व्यवस्थापन गर्ने । ३. Electric Wire हरुको समय समयमा चेकजाँच गर्ने । ४. ज्वलनशील पदार्थलाई कार्यस्थल भन्दा बाहिर (आगोले नभेटिने) स्थानमा राख्ने । ५. तातो हुने (Heating Equipment) उपकरण प्रयोग गरी काम गर्नु पर्दा निश्चित स्थान र सुरक्षा अपनाउने । ६. आगलागी नियन्त्रणको लागि पानीको स्पिन्कल जडान गर्ने ।	• Fire Extinguisher अथवा पानी स्पिन्कलको जडान भएको • सम्भावित आगलागीको प्रकृति अनुसार सामग्रीहरुको प्रयोग गर्न सक्ने भएको।	• आगलागीबाट सुरक्षा गर्नको लागि आवश्यक सामग्रीहरु • आगोको प्रकृति • आगो निभाउन प्रयोग हुने उपकरणहरुको विधि

आवश्यक औजार उपकरण (Required tools/equipment):

- पञ्जा, सेफ्टी सुज, ज्याकेट, Fire Extinguisher, पानी स्प्रीन्कल ।

सुरक्षा सावधानी (Safety Precautions):

- सुरक्षा सामग्रीहरुको प्रयोग गर्ने ।
- औजार उपकरणहरु प्रयोग गरिसकेपछि सम्बन्धित स्थानमा सुरक्षित राख्ने ।

आवश्यक सामग्रीः

- मास्क, Fire Blanket, Foam

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा**

कार्य ६: प्राथमिक उपचार (First Aid) बाकस तयार गर्ने

जम्मा समयः ३ घण्टा
सैद्धान्तिकः १ घण्टा
व्यावहारिकः २ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने २. काम गर्दा सामान्य चोटपटक लागेमा आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था गर्ने । ३. प्राथमिक उपचार बाकसमा प्राथमिक उपचारको लागि आवश्यक औषधि तथा सामग्री भए नभएको जाँच गर्ने । ४. कुनै सामग्री उपभोग्य मिति सकिएको वा नपुग भएमा मगाएर राख्ने । ५. प्राथमिक उपचार सामग्रीहरुको अभीलेख राखि कार्यस्थल सुरक्षित राख्ने ।	• सामान्य रोग वा दुर्घटना अनुसारको औषधि तथा सामग्री सहितको प्राथमिक उपचार बाकस तयार भएको ।	• प्राथमिक उपचारको जानकारी • कार्यस्थलमा हुन सक्ने सम्भावित दुर्घटनाहरु बारे जानकारी • प्राथमिक उपचार बाकस तयार गर्नका लागि आवश्यक सामग्रीहरू • प्राथमिक उपचार बाकस तयार गर्ने तरिका • प्राथमिक उपचार बाकस तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू

आवश्यक औजार उपकरण (Required Tools/Equipment):

- ज्वरो नाप्ने मसिन, कैंची, रवरको पञ्जा, कचौरा, चिम्टा आदि ।

सुरक्षा सावधानी (Safety Precautions):

- व्यक्तिगत सुरक्षा सामग्रीहरुको प्रयोग गर्ने ।
- अभिलेख गरिए अनुसारका सामग्रीहरू दुरुस्त राख्ने ।
- प्राथमिक उपचार बाकस उचित स्थानमा राख्ने ।

आवश्यक सामग्रीः

- डेटोल, सिटामोल, घाउमा लगाउने टेप (Handy-Plast), घाउमा लगाउने बेटाडिन पाउडर, कपास, गज, मलम, ब्याण्डेज, माक्स, हेड ग्लोब आदि ।

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा**

जम्मा समयः ४ घण्टा

कार्य ७: प्राथमिक उपचार (First Aid) गर्ने

सैद्धान्तिकः १ घण्टा

व्यावहारिकः ३ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने । २. चोटपटक लागेमा डिटोल पानी र कपासले चोट लागेको ठाउँ सफा गर्ने । ३. चोट लागेको ठाउँमा मलम लगाउने । ४. चोटको आकार अनुसार टेप वा कपास र कपडाले बेर्ने । ५. डाक्टरको सल्लाह लिई दुखाई कम गर्ने औषधि अथवा सिटामोल खुवाउने । ६. ठूलो चोटपटक लागेमा बिरामीको अवस्था हेरी सर्वप्रथम प्राथमिक उपचार गर्ने र आवश्यक परेमा तुरुन्त नजिकको अस्पतालमा पुऱ्याउने ।	• औषधि प्रयोग गर्दा रोगसँग सम्बन्धित विज्ञहरुसँग सल्लाह लिएको । • औषधिहरुको म्याद ननाघेको ।	• कार्यस्थलमा हुन सक्ने सम्भावित दुर्घटनाहरू र त्यसबाट बच्ने उपायहरू । • प्राथमिक उपचार गर्नको लागि आवश्यक सामग्रीहरुको प्रयोग । • उपचारका लागि औजारहरुको प्रयोग विधि । • आवश्यकता अनुसार औषधिहरूको सेवन विधि ।

आवश्यक औजार उपकरण (Required tools/equipment):

- प्राथमिक उपचार बाकस, सेफ्टी सुज

सुरक्षा सावधानी (Safety Precautions):

- व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग गर्ने ।
- प्राथमिक उपचार बाकसको प्रयोग पछि सुरक्षित स्थानमा राख्ने ।
- डाक्टरको सल्लाह बिना अन्य औषधिहरूको प्रयोग तथा सेवन नगर्ने ।
- प्राथमिक उपचार वाकसमा रहेका औषधिजन्य सामग्रीहरुको म्याद नाघे ननाघेको सुनिश्चित गर्ने ।

आवश्यक सामग्रीः

- माक्स, पञ्जा, हेड ग्लोब, एप्रोन आदि ।

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा**

जम्मा समयः ३ घण्टा

कार्य ८: सम्भावित क्षति न्यूनिकरण गर्ने

सैद्धान्तिकः १ घण्टा

व्यावहारिकः २ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सन्दर्भ सामग्री अध्ययन गर्ने २. सम्भावित क्षतिको आकलन गर्ने ३. कम क्षति हुनेगरी कार्यस्थल तयार गर्ने ४. इन्टरनेटको प्रयोग गरि सन्दर्भ बुझ्ने ५. प्रयोग भएका तथा हुनसक्ने हानिकारक, विस्फोटक बस्तुहरुको पहिचान गर्ने ४. समुहगत रुपमा सिमुलेसन कार्यशाला गर्ने	• आवश्यक पूर्वतयारी गरेको । • जोखिम न्युनिकरणका लागि आवश्यक सामग्रीहरूको जोहो गरेको ।	• बढी भन्दा बढी क्षतिका सन्दर्भ थाहा भएको • सरसफाइ गर्नको लागि आवश्यक सामग्रीहरु • क्षतिबाट जोगिन आवश्यक सामग्रीहरुको ज्ञान भएको

आवश्यक औजार उपकरण (Required tools/equipment):

- अद्यावधिक गरिएको प्राथमिक उपचार बाकस्

सुरक्षा सावधानी (Safety Precautions):

- समुहगत सिमुलेसन गर्दा चोटपटक लाग्ने सम्भावना न्युनिकरण गर्ने

आवश्यक सामग्रीः

- सन्दर्भ सामग्री तथा औजार उपकरण तथा न्युनिकरणका सामग्रीहरु

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा** **जम्मा समयः ३ घण्टा**

कार्य ९: विद्युतिय फोहोर व्यवस्थापन गर्ने **सैद्धान्तिकः १ घण्टा**

व्यावहारिकः २ घण्टा

कार्य चरणहरु	कार्यसम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. काम लाग्ने पुराना उपकरणहरू दान वा बिक्री गर्ने जस्तैः राष्ट्रिय आविष्कार केन्द्र २. अधिकृत केन्द्रहरूमा फोहर बुझाउने ३. प्रयोग नगर्ने सामग्री घरमै थुपारेर नराख्ने ४. रीसाइकल कार्यक्रम भएका कम्पनीसँग सहकार्य गर्ने ५. बासेल कन्भेन्सनका नीतिहरू अवलम्बन गर्ने ६. बन्दै गरेको कार्यविधिको जानकारी लिने र कार्यान्वयन गर्ने	• उपकरणको अवस्था मूल्याङ्कन गरी उपयुक्त व्यक्तिलाई जिम्मेवार रूपमा हस्तान्तरणगरिएको • सरकारले मान्यता दिएको ई-वेस्ट संकलन केन्द्र वा स्थानमा फोहर बुझाइएको • प्रयोगमा नआएका उपकरण समयमै व्यवस्थापन गरी सुरक्षित रूपमा हटाइएको • इ-वेस्ट रीसाइकल गर्ने कम्पनी वा संस्थासँग समन्वय गरी जिम्मेवार व्यवस्थापन गरिएको • अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ई-वेस्टको व्यवस्थापन गरिएको • राष्ट्रिय कार्यविधि निर्माणसम्बन्धी अद्यावधिक जानकारी संकलन गरि कार्यान्वयनमा लागिएको	• पुनःप्रयोग (Reuse) को महत्व, जिम्मेवार हस्तान्तरणको प्रक्रिया • ई-वेस्ट संकलन केन्द्रहरूको पहिचान, स्थानीय नीतिको जानकारी • ई-वेस्टको असर, थुपारिएको फोहरको जोखिम र समाधान उपाय • रीसाइकल प्रक्रियाको आधारभूत जानकारी, साझेदारीको तरिका • बासेल सम्झौता (Basel Convention) को उद्देश्य र महत्व • नेपाल सरकारको इलेक्ट्रोनिक फोहरसम्बन्धी नीति, कार्यविधिको सन्दर्भ

सुरक्षा सावधानी (Safety Precautions):

- व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्ने।

आवश्यक औजार उपकरण (Required Tools/Equipment):

- डस्टविन, मास्क, पन्जा

आवश्यक सामग्रीः

आवश्यक औजार उपकरण र सुरक्षाको उपाय सम्बधि पुस्तिका, सरसफाई अभिलेख, कलम आदि ।

कार्य विश्लेषण

मोड्युल (Module) **२: पेशागत स्वास्थ्य र सुरक्षा**

जम्मा समयः २ घण्टा

कार्य १०: कार्यस्थलको फोहोर व्यवस्थापन गर्ने

सैद्धान्तिकः १ घण्टा

व्यावहारिकः १ घण्टा

कार्य चरणहरू	कार्य सम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१ कार्यस्थलको फोहोरको प्रकृति पहिचान गर्ने। २ फोहोर वर्गीकरणको लागि छुट्टाछुट्टै डस्टबिन राख्ने। ३ बायोडिग्रेडेबल र नन—बायोडिग्रेडेबल फोहोर छुट्याउने। ४ धारिलो वा संक्रामक फोहोरलाई सुरक्षित कन्टेनरमा राख्ने। ५ नियमित रूपमा डस्टबिन खाली गर्ने र सफा गर्ने। ६ फोहोर संकलनपछि हात धुने वा स्यानिटाइज गर्ने। ७ फोहोर व्यवस्थापन प्रक्रिया सम्बन्धी रेकर्ड राख्ने।	• फोहोर सही रूपमा वर्गीकरण र निस्तारण/ब्यबस्थापन गरिएको। • कार्यस्थल फोहोरमुक्त र स्वच्छ अवस्थामा राखिएको।	• फोहोरको प्रकार र वर्गीकरणबारे जानकारी। • सुरक्षित फोहोर निस्तारण विधि र कानुनी मापदण्डहरू। • कार्यस्थलमा स्वच्छता कायम राख्नुपर्ने कारणहरू।

सुरक्षा सावधानी (Safety Precautions):

- सधैं पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (PPE)प्रयोग गर्ने।
- धारिलो र संक्रामक फोहोरलाई सुरक्षित कन्टेनरमा राख्ने।
- फोहोर व्यवस्थापनपछि हात राम्ररी धुने।

आवश्यक औजार उपकरण (Required Tools/Equipment):

- बायोडिग्रेडेबल र नन—बायोडिग्रेडेबल डस्टबिन

आवश्यक सामग्रीः

- फोहोर उठाउने झोला वा प्लास्टिक, Gloves, मास्क, डिसइन्फेक्टेन्ट वा स्यानिटाइजर

मोड्युल (Module) ३: औजार उपकरणको पहिचान तथा प्रयोग

जम्मा समय: २० घण्टा
सैद्धान्तिक: ४ घण्टा
व्यवहारिक: १६ घण्टा

मोड्युलगत विवरण (Module Description): मोबाइल मर्मत पेशामा प्रयोग गर्नु पर्ने विभिन्न औजार उपकरणहरुको पहिचान तथा प्रयोगसँग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।
मोड्युलको सिकाई उपलब्धी (Module Outcome): यस मोड्युलको अन्तमा सहभागीहरु निम्न ज्ञान हासिल गर्न सक्षम हुन् छन् । • औजार तथा उपकरण पहिचान गर्न • उपकरण तथा औजारहरुको प्रयोग गर्न • औजार तथा उपकरणको सरसफाइ गर्न • औजार तथा उपकरणको भण्डारण गर्न
कार्यहरु (Tasks): १. औजार तथा उपकरणको पहिचान गर्ने २. औजार तथा उपकरणको प्रयोग गर्ने ३. औजार तथा उपकरणको सरसफाइ गर्ने ४. औजार तथा उपकरणको भण्डारण गर्ने

कार्य विश्लेषण

मोड्युल (Module) ३: औजार उपकरणको पहिचान तथा प्रयोग

जम्मा समयः ६ घण्टा ० मिनेट

कार्य १: औजार तथा उपकरण पहिचान गर्ने

सैद्धान्तिकः १ घण्टा ० मिनेट

व्यवहारिकः ५ घण्टा ० मिनेट

कार्य चरणहरू	कार्य सम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने २. औजारहरुको नाम र काम बताउने । ३. औजारहरु देखाएर नाम र काम भन्न लगाउने । ४. औजारहरु लाइनमा राखेर नाम र काम लेख्न लगाउने । ५. औजारहरुको अभिलेख राख्ने । ६. औजारहरु यथास्थानमा राख्ने ।	• औजारहरु पहिचान गरी नाम र काम बताउन सक्ने भएको ।	• मोवाइल मर्मतको काममा प्रयोग हुने औजारहरु र तिनीहरुको नाम तथा काम ।

आवश्यक औजार उपकरण (Required tools/equipment):

- स्क्रूड्राइभर सेट (Screwdriver Set): सामान्यतः Phillips (क्रस), Torx, Flathead आदि
- एण्टी-स्टाटिक स्ट्र्याप (Anti-Static Wrist Strap)
- एण्टी स्टाटिक ब्रस (Anti-Static Brush)
- म्याग्निफाइङ ग्लास वा लूप (Magnifying Glass / Loupe)
- एयर ब्लोअर वा क्यान एयर (Air Blower / Compressed Air Can)
- म्याग्नेटिक म्याट (Magnetic Mat)
- मोवाइल ओपनिङ टूल्स (Plastic Pry Tools / Spudger)
- एलईडी फ्ल्यासलाइट (LED Flashlight)
- थर्मल पेस्ट (Thermal Paste)
- मल्टिमिटर (Multimeter)
- ब्रश र इजोप्रोपिल अल्कोहोल (Brush + Isopropyl Alcohol)

सुरक्षा सावधानी (Safety Precautions):

- व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग गर्ने ।

आवश्यक शैक्षिक सामग्रीः

- आवश्यक औजार उपकरण र सुरक्षाको उपाय सम्बधि पुस्तिका, सरसफाई अभिलेख, कलम आदि ।

कार्य विश्लेषण

मोड्युल (Module) ३: औजार उपकरणको पहिचान तथा प्रयोग

जम्मा समयः ६ घण्टा ० मिनेट

कार्य २: औजार तथा उपकरण प्रयोग गर्ने

सैद्धान्तिकः १ घण्टा ० मिनेट

व्यवहारिकः ५ घण्टा ० मिनेट

कार्य चरणहरू	कार्य सम्पादन मापदण्ड	आवश्यक प्राविधिक ज्ञान
१. आवश्यक सामग्री संकलन गर्ने २. उपकरणहरुको प्रयोग गर्ने तरिका सिकाउने । ३. उपकरणहरुको प्रयोग गर्नु अगाडी र गरिसकेपछी गर्नुपर्ने काम सिकाउने । ४. उपकरण प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीका ज्ञान दिने । ५. उपकरणहरुको गुणस्तर तथा तिनले काम गरे नगरेको पहिचान गर्ने । ६. उपकरणहरुको यथोचित अभिलेख अद्यावधिक राख्ने ७.प्रयोग पश्चात उपकरणहरुलाई यथास्थानमा राख्ने।	• उपकरणहरु सहि पहिचान गरी सम्बन्धित कार्यमा तिनीहरूको प्रयोग गर्न सक्ने भएको ।	• मोवाइल मर्मतको काममा प्रयोग हुने उपकरणहरु र तिनीहरुको नाम तथा काम । • फरक प्रकृतिका कार्यमा प्रयोग हुने औजारको पहिचान गर्न सक्ने ।

आवश्यक औजार उपकरण (Required tools/equipment):

- स्क्रूड्राइभर सेट (Screwdriver Set): सामान्यतः Phillips (क्रस), Torx, Flathead, Anti Static Brush आदि
- एण्टी-स्टाटिक स्ट्र्याप (Anti-Static Wrist Strap), म्याग्निफाइङ ग्लास वा लूप (Magnifying Glass / Loupe)
